# C-ASBA सम्बन्धी अन्यन्त जरुरी सूचना

मिति २०७४।०९।०७ गतेको राष्ट्रिय दैनिक पत्रिका आर्थिक अभियानमा C-ASBA सम्बन्धी संप्रेषित समाचार उपर यस लि. को ध्यानाकर्षण भएको छ । **"शुल्क विवादले C-ASBA प्रणाली कार्यान्वयनमा ढिलाइ"** भएको भनी संप्रेषित गरिएको विषयमाथि यस लि. ले सम्पूर्ण लगानीकर्ताहरु तथा सरोकारवालाहरुलाई सो सम्बन्धी यस सूचनामार्फत् स्पष्ट पार्न खोजिएको व्यहोरा जानकारी गराईन्छ ।

नेपाल धितोपत्र बोर्डबाट C-ASBA सम्बन्धी "धितोपत्र सार्वजनिक निष्काशनको केन्द्रीकृत विद्युतीय सेवा कार्य संचालन निर्देशिका, २०७४" माथि स्वीकृत प्रदान गरी कार्यान्वयनका लागि निर्देशन दिइएको मितिबाट हालसम्म २२ वटा ASBA सदस्य बैंक तथा वित्तीय संस्थासंग C-ASBA सम्बन्धी सम्झौता गरी सो प्रणाली कार्यान्वयनमा ल्याइसकेको र आगामी दिनमा IPO/FPO/Rights को आवेदन अनिवार्य उक्त प्रणाली मार्फत् गरिने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ। यस लि. ले नेपाल धितोपत्र बोर्डबाट ASBA सम्बन्धी अनुमति प्राप्त सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरुलाई C-ASBA सम्बन्धी तालिम समेत प्रदान गरेको छ। साथै लगीकर्ताहरुको हितका लागि वीरगंज, विराटनगर, दमक र विर्तामोडमा C-ASBA सम्बन्धी जानकारीमूलक कार्यक्रम आयोजना गरी लगानीकर्ताहरुलाई साक्षर समेत बनाइएको छ ।

तसर्थ C-ASBA प्रणाली मार्फत् आवेदन भर्न चाहने लगानीकर्ताहरुले यस लि. संग C-ASBA सेवाका लागि सम्झौता गरेका बैंक तथा वित्तीय संस्थाहरुबाट उक्त सेवा प्राप्त गर्न सक्ने व्यहोरा सम्पूर्ण लगानीकर्ताहरु तथा सरोकारवालाहरुलाई जानकारी गराईन्छ। C-ASBA सेवा प्रदान गर्न सक्ने बैंक तथा वित्तीय संस्थाको सूची यस लि. को वेभसाइट www.cdsc.com.np मा प्रकाशित गरिएको व्यहोरा समेत जानकारी गराईन्छ। साथै C-ASBA सेवाका लागि हालसम्म पनि सम्झौता नगरेका नेपाल धितोपत्र बोर्डबाट ASBA का लागि अनुमति प्राप्त इच्छुक बैंक तथा वित्तीय संस्थाहरुले सम्झौताका लागि यस लि. मा सम्पर्क गर्नुहुन जानकारी गराईन्छ। साथै नेपाल धितोपत्र बोर्डबाट समय समयमा जारी हुने नीति, नियम तथा निर्देशिकाहरु यस लि. ले सदैव पालना गर्दैआएको व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

**सिडिएस एण्ड क्लियरिङ्ग लि. (सिडिएससि)**
**शेयर मार्केटस् कमर्सियल कम्पलेक्स, चौथो तल्ला**
**पुतलीसडक, काठमाडौं**
**सम्पर्क नं.: ०१–४२३८००८, ४२१६०६८, ४२४०१५०**